नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
(आर्थिक प्रशासन शाखा)

महानिर्देशक: ५३२३०४
पि.ए.म.नि. ५३२००२
फ्याकस: ५३३०५८
आ.प्र शाखा ले.अ. ५३३९७८
आ.प्र. शाखा: ५३२०९१
E-Mail:info@dolma.gov.np
lit@dolma.gov.np
Pan no.201274587

पत्र संख्याः- ०७९।८०
चलानी नं.:- ६०

बवरमहल, काठमाडौं ।
मितिः-२०७९/०४/०४

विषयः- <u>आ.व.०७८/७९ को आर्थिक विवरण सम्बन्धमा</u>।

श्री भूमिसुधार तथा मालपोत कार्यालयहरु सबै,
श्री मालपोत कार्यालयहरु, सबै ।

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.सं.१.३/आ.प्र.२०७८/०७९ च.नं.०२ मिति २०७९/०४/०१ को पत्र यसैसाथ संलग्न छ । सो वमोजिम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७३ वमोजिम ताहाँ कार्यालयको आर्थिक वर्ष २०७८/०७९ को विनियोजन, राजस्व, धरौटी, अर्थ बजेट र ख-६ विविध तर्फको प्रमाणित वार्षिक आर्थिक विवरण र आन्तरिक लेखा परीक्षणको प्रतिवेदन २०७९ श्रावण २० गते भित्र यस विभागको **E-mail: lit@dolma.gov.np** मा पठाउनु हुन निर्देशानुसार अनुरोध छ ।

(रामकुमार श्रेष्ठ)
लेखा अधिकृत

<u>बोधार्थ</u>ः
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
आर्थिक प्रशासन शाखा, सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**आर्थिक प्रशासन शाखा**

☎ ४२११६६४
www.molcpa.gov.np
email-info@molcpa.gov.np
PAN No. 201286663

सिंहदरवार, काठमाडौं

पत्र संख्याः- १.३/ आ.प्र./२०७८/०७९
चलानी नः- ०१

मितिः- २०७९।४।१

अत्यन्त जरुरी

विषयः- आर्थिक विवरण पठाउने सम्बन्धमा।

श्री भूमि ब्यवस्थापन तथा अभिलेख विभाग ।
श्री नापी विभाग ।
श्री सहकारी विभाग ।
श्री राष्ट्रिय भूमि आयोग, ताहाचल, काठमाडौं ।

आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७५(१) मा केन्द्रीय निकायले आफू र अन्तर्गतको केन्द्रीय लेखा राखी ७५(२) अनुसार केन्द्रीय लेखा राख्ने तालुक कार्यालयमा बित्तीय विवरण (आर्थिक विवरण) पठाउनु पर्ने ब्यवस्था भए अनुसार मातहतका कार्यालयहरुबाट श्रावण २० भित्र विनियोजन, राजश्व, धरौटी अर्थ वजेट तथा विविध कोष तर्फको आय-ब्ययको आ.ले.प. सकि आर्थिक विवरण माग गर्ने, श्रावण २५ गतेभित्र विभाग/आयोगले एकीकृत आर्थिक विवरण तयार गर्ने र श्रावण महिनाको मसान्तभित्र विभाग/आयोगबाट मन्त्रालयसम्म आई पुग्ने गरी आर्थिक विवरण पठाई दिनुहुन अनुरोध छ ।

(यज्ञप्रसाद ढकाल)
उपसचिव (लेखा)